लोक सेवा आयोग
नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक प्रथम, प्रधान सहायक पदको
आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।१०।१७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग र लेखा

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड 'क' ६० अङ्क

१. नेपालमा बैंकिङ्ग क्षेत्रको विद्यमान् के कस्ता चुनौतीहरूलाई के कसरी समाधान गरेर अवसरमा बदल्न सकिएला ? उल्लेख गर्नुहोस् । १०

२. नेपालमा वित्तीय पहुँचको वर्तमान् अवस्थाबारे स्पष्ट पार्नुहोस् । वित्तीय साक्षरतामा नेपाल राष्ट्र बैंकले लिएको नीति र कार्यक्रमले वित्तीय पहुँचमा योगदान दिन सकेको छ/छैन ? छोटकरीमा चर्चा गर्नुहोस् । ४+६=१०

३. कालो धनले समाजलाई कसरी नकारात्मक असर पार्दछ ? उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाले कसरी सम्पत्ति शुद्धीकरणलाई नियन्त्रण गर्न सक्छन् ? प्रष्ट पार्नुहोस् । १०

४. नेपाल राष्ट्र बैंकको हालको विदेशी मुद्रा कारोबार तथा सञ्चालन सम्बन्धी भएको व्यवस्थाबारे उल्लेख गर्नुहोस् । चालु खातामा पूर्ण परिवर्त्यता नीति अवलम्बन गरिसकेको सन्दर्भमा विद्यमान् ती व्यवस्थाहरूमा के कस्तो सुधार गर्नुपर्ला ? लेख्नुहोस् । १०

५. बैंकिङ्ग कसुर तथा सजाँय सम्बन्धी ऐन, २०६४ बमोजिम कसैले पनि बैंक वा वित्तीय संस्थाबाट कर्जा लिंदा वा दिंदा के कस्ता कार्यहरू गर्नु हुँदैन ? उक्त कार्य गरेमा के कस्तो सजाँय हुने व्यवस्था छ ? लेख्नुहोस् । १०

६. नेपाल राष्ट्र बैंक खरिद व्यवस्था विनियमावली अनुसार कार्यालयलाई आवश्यक पर्ने खरिद सम्बन्धी व्यवस्थाका लागि मौजुदा सूचि(स्ट्याण्डिङ्ग लिष्ट) कसरी तयार गरिन्छ ? प्रक्रिया उल्लेख गरी यसमा के के समस्या आउन सक्दछन् ? प्रष्ट्याउनुहोस् । १०

प्रशासन, सहायक प्रथम, प्रधान सहायक - २

खण्ड 'ख' ४० अङ्क

७. प्राथमिक श्रोतबाट तथ्याङ्क संकलन गर्दा कुन विधि सबैभन्दा उपयुक्त हुन्छ ? किन ? पुष्ट्याँईसहित उत्तर दिनुहोस् । १०

८. कुनै पनि बैंक तथा वित्तीय संस्था कत्तिको सबल वा दुर्बल छ भनी मापन गर्ने मुख्य परिसूचकहरूका बारेमा उदाहरणसहित व्याख्या गर्नुहोस् । १०

९. आन्तरिक लेखापरीक्षणका महत्त्वपूर्ण पक्षहरू के के हुन् ? वाह्य लेखापरीक्षणले लेखा सम्बन्धी के कस्ता त्रुटीहरू पत्ता लगाउन सक्दैन ? उल्लेख गर्नुहोस् । ५+५=१०

१०. नेपाल लेखामानदण्ड (NAS) अनुसार Inventory Accounting मा अपनाउनुपर्ने विधिहरूबारे छोटकरीमा उल्लेख गर्दै शेयरहरूको मूल्याङ्कन कसरी गर्ने गरिएको छ ? व्याख्या गर्नुहोस् । १०

:: समाप्त ::

Dotnep